आज मिति २०८२ कार्तिक १४ गते शुक्रबारका दिन बिहान ८:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कर्णदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | (प्रवक्ता) वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री विमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता वि.क. | कार्यपालिका सदस्य | अमृता |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | |
| ११ | श्री रत्न कुमारी बोहरा | कार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | तुलसी |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | तुलाराम |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | हिरालाल |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

**आमन्त्रित**

श्री तिलक रावल

श्री पुष्पकमल ओली

शाखा अधिकृत

व. लेखा अधिकृत

मिति २०८२/०७/१४ गतेको कार्यपालिकाको १६८ औं बैठकमा पेश भएका प्रस्तावहरु

| क.स. | प्रस्ताव | निर्णयको संक्षिप्त ब्यहोरा | कै |
|---|---|---|---|
| १ | ब्याकहोलोडर सञ्चालन सम्बन्धी कार्यविधि सम्बन्धमा । | ब्याकहोलोडर सञ्चालन सम्बन्धी कार्यविधि माथी छलफल गर्ने । | |
| २ | प्रशासकिय भवनको बाँकी कामको ठेक्का आव्हान गर्ने सम्बन्धमा । | प्रशासकिय भवनको बाँकी कामको लागत अनुमान तयारी री ठेक्का आव्हान गर्ने सम्बन्धमा छलफल गर्ने साथै सोका लागि आवश्यक रकम विनियोजन गर्ने । | |
| ३ | अख्तियारनामा तोक्ने सम्बन्धमा । | सम्मानित सर्वोच्च अदालतमा रिट निवेदक अधिबक्ता दिपक विक्रम मिश्र भई यस त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुहाम सल्यानलाई विपक्षी बनाई दायर भएको उत्प्रेषण समेतको (०८२- WO-०१६७) मुद्दामा यस त्रिवेणी गाउँपालिकाको कार्यालयको तर्फबाट उक्त मुद्धामा प्रतिरक्षा गर्न, वारेस नियुक्ति गर्न कानुनी राय सल्लाह लिन र कानुन व्यवसायी नियुक्ति गरी निजहरुको कार्य वमोजिम पारिश्रमिक समेत प्रदान गर्ने गरी यस गाउँपालिकाको कृषि विकास अधिकृत रमेश बुढाथोकिलाई अख्तियारनामा प्रत्यायोजन गर्ने सम्बन्धमा छलफलको लागि पेश गरियो । | |
| ४ | स्टक पाइप १५ दिनभित्रमा प्रयोग गर्ने सम्बन्धमा । | प्रत्येक वडाको नाममा विभाजन भएको पाइप स्टक भई प्रयोग नहुदा रु ८८९३९८। रकमको प्रमाण पेश गर्ने भनी लगति वेरुजु कायम भएको हुँदा यथासिघ्र उक्त पाइप प्रयोग गरि सम्बन्धीत वडा प्राविधिकलाई खटाई नापि बिल तयार गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| ५ | प्रशासकिय भवनमा फर्निचर जन्य सामाग्री खरिद सम्बन्धमा । | प्रशासकिय भवनको निर्माण कार्य कार्तिक मसान्त सम्ममा सम्पन्न हुने अवस्था रहेको साथै हाल पालिका सञ्चालन गर्दा भाडामा वार्षिक रुपमा धेरै रकम खर्च गर्नु परिरहेको सन्दर्भमा मंसिर १ गते भवन उदघाटनको कार्य गर्ने साथै भवनको डेकोरेशनका लागि तपशिल बमोजिमका कार्य यथासिघ्र गर्न सुचीकृत फर्महरुबाट सोझै खरिद गर्ने सम्बन्धमा छलफल गर्ने।<br>तपसिल<br>1. प्रशासकिय भवनमा मिटिङ हल र लेखा शाखा काउन्टर निर्माण<br>2. लेखा शाखामा फाइल र्याक निर्माण<br>3. प्रशासकीय भवनको सबै कोठाहरुमा पर्दा तथा कार्पेट खरिद तथा जडान<br>4. प्रशासकीय भवनमा विभिन्न फर्निचर सामाग्री खरिद | |
| ६ | नवप्रवर्तन साझेदारी परियोजना छनोट तथा लागत सहभागिता सम्बन्धमा । | कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम अन्तर्गत परियोजना छनोट तथा लागत सहभागिता सम्बन्धमा छलफल गर्ने । | |
| ७ | रकमान्तर तथा विनियोजन सम्बन्धमा । | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन बमोजिम तपसिल बमोजिमका कार्यक्रममा रकम रकमान्तर गरी विनियोजन गर्ने सम्बन्धमा छलफल गर्ने ।<br>तपसिल<br>1. सडक मर्मतका लागि मेसिन खरिद शिर्षकबाट प्रशासकिय भवनमा सोलार तथा इन्टरनेट वायरिङ जडानमा रु.६००००। र प्रशासकिय भवनमा भित्ते लेखन शिर्षकमा रु.४५००००।विनियोजन गर्ने । | |
| ८ | विविध सम्बन्धमा । | १.नदिजन्य पदार्थको ठेक्का आहान सम्बन्धमा । | |

CS CamScanner

निर्णयहरु

निर्णय नं. १, प्रस्ताव नं. १ माथी छलफल गर्दा, त्रिवेणी गाउँपालिकाको ब्याकहोलोडर सञ्चालन सम्बन्धी कार्यविधि २०८२ स्वीकृति गर्ने निर्णय गरियो ।

निर्णय नं. २, प्रस्ताव नं. २ माथी छलफल गर्दा, प्रशासकिय भवनको बाँकी कामको लागत अनुमान तयारी गरी ठेक्का आव्हान गर्ने र सोका लागि अल्यामा रहेको रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३, प्रस्ताव नं. ३ माथी छलफल गर्दा, सम्मानित सर्वोच्च अदालतमा रिट निवेदक अधिवक्ता श्री दिपक विक्रम मिश्र भई यस त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुहाम सल्यानलाई विपक्षी बनाई दायर भएको उत्प्रेषण समेतको (०८२- WO-०१६७) मुद्दामा यस त्रिवेणी गाउँपालिकाको कार्यालयको तर्फबाट उक्त मुद्धामा प्रतिरक्षा गर्न, वारेस नियुक्ति गर्न कानुनी राय सल्लाह लिन र कानुन व्यवसायी नियुक्ति गरी निजहरुको कार्य वमोजिम पारिश्रमिक समेत प्रदान गर्ने गरी यस गाउँपालिकाको कृषि विकास अधिकृत श्री रमेश बुढाथोकिलाई अख्तियारनामा प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४, प्रस्ताव नं. ४ माथी विविध विषयमा छलफल गर्दा, प्रत्येक वडाको नाममा विभाजन भएको पाइप स्टक भई प्रयोग नहुदा रु ८,८९,३९८। रकमको प्रमाण पेश गर्ने भनी लगति वेरुजु कायम भएको हुँदा यथासिघ्र उक्त पाइप प्रयोग गरी सम्बन्धीत वडा प्राविधिकलाई खटाई नापि बिल तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. ५, प्रस्ताव नं. ५ माथी विविध विषयमा छलफल गर्दा, प्रशासकिय भवनको निर्माण कार्य कार्तिक मसान्त सम्ममा सम्पन्न हुने अवस्था रहेको साथै हाल पालिका सञ्चालन गर्दा भाडामा वार्षिक रुपमा धेरै रकम खर्च गर्नु परिरहेको सन्दर्भमा मंसिर १ गते भवन उदघाटनको कार्य गर्ने साथै भवनको डेकोरेशनका लागि तपशिल बमोजिमको वजेट विनियोजन गरी उक्त कार्य यथासिघ्र गर्न सुचीकृत फर्महरुबाट सोझै खरिद गर्ने निर्णय गरियो।

तपसिल

१.प्रशासकिय भवनमा मिटिङ हल र लेखा शाखा काउन्टर निर्माण रु १०००००० ।-
२.लेखा शाखामा फाइल र्याक निर्माण रु. १०००००० ।-
३.प्रशासकीय भवनको सबै कोठाहरुमा पर्दा तथा कार्पेट खरिद तथा जडान रु. १०००००० ।-
४.प्रशासकीय भवनमा विभिन्न फर्निचर सामाग्री खरिद रु. १०००००० ।-

निर्णय नं. ६, प्रस्ताव नं. ६ माथी विविध विषयमा छलफल गर्दा, कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम अन्तर्गत नवप्रवर्तन परियोजनाका लागि त्रिवेणी गाउँपालिकामा एकिकृत सेवा प्रवाह सञ्चालन केन्द्रको सञ्चालनका लागि परियोजना प्रस्ताव पेश गर्ने साथै परियोजनामा आवश्यक रकम लागत साझेदारी गर्ने समेत निर्णय गरियो ।

CS CamScanner

निर्णय नं. ७, प्रस्ताव नं. ७ माथी विविध विषयमा छलफल गर्दा, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन बमोजिम तपसिल बमोजिमका कार्यक्रममा रकम रकमान्तर गरी विनियोजन गर्ने साथै उक्त कार्य तत्काल सम्पन्न गर्नु पर्ने भएको हुँदा सोही खरिद विधिबाट कार्य गरी यथाशिघ्र सम्पन्न गर्नका लागि कार्यालय प्रमुखलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

सडक मर्मतका लागि मेसिन खरिद शिर्षकबाट प्रशासकिय भवनमा सोलार तथा इन्टरनेट वायरिङ जडानमा रु.६00000। र प्रशासकिय भवनमा भित्ते लेखन शिर्षकमा रु.४५0000।विनियोजन गर्ने ।

निर्णय नं. ८, प्रस्ताव नं. ८ माथी विविध विषयमा छलफल गर्दा, तपसिल बमोजिमका निर्णय गरियो ।

१.जिल्ला अनुगमन समितिको निर्णय, स्थानीय विपद व्यवस्थापन समितिको निर्णय तथा जिल्ला प्रशासन कार्यालयको क्षेत्र निर्धारण सम्बन्धी पत्र बमोजिम तपसिल बमोजिका घाटहरुबाट ढुगां गिट्टी तथा बालुवा उत्खनन गर्नको लागि ठेक्का आहान गर्ने ।

| क.स. | घाटहरु | अवस्था |
|---|---|---|
| १ | Ex1 | कौंरागिठी र काभ्रा जोड्ने मोटरेवल पुल सो घाटको क्षेत्रमा निर्माण भएको हुँदा उक्त घाटबाट उत्खन्न गर्न नदिजन्य पदार्थ उत्खन्न सम्बन्धी मापदण्ड २०७७ बमोजिम ५०० मिटरको परिधि भित्र रहेको हुँदा उत्खन्न नगर्ने । |
| २ | Ex2 | उक्त घाटबाट IEE प्रतिवेदन वमोजिम उत्खन्न गर्ने । |
| ३ | Ex3 | उक्त घाट अन्तर्गतको GEO Point मा रिखे बजार खेलकुद मैदानको पश्चिम तिरको भाग रहेको र उत्खन्न गर्दा रिखे बजार खेलकुद मैदानको पश्चिम पट्टीको भाग खोलाले कटानी गरी जोखिम उत्पन्न हुने हुँदा सो स्थानबाट उत्खन्न नगर्ने । साथै चोरी निकासी बन्द गर्नको लागि होर्डिङ बोर्ड राख्ने ।<br><br>साथै सो घाटबाट मुनि तिर रिखे खोला र शारदा नदिको संगम स्थलमा रिखे खोलाले बालुवा तथा गेग्रान जम्मा गरी खोलाको आधि भाग थुनेको र शारदा खोलामा बाढी आएको समयमा सो खोलाको उत्तरतिर रहेका खेतीयोग्य जमिनमा बाढी पसी क्षति पुर्याउने अवस्था रहेको हुँदा विपद जोखिमको दृष्टिकोणले उक्त स्थानमा जम्मा भएको ढुंगा गिट्टी निकाल्ने । सो का लागि अनुगमन समितिले निर्धारण गरेको जियो पोइन्ट UP stream 28.17'20.53" N 82.11'36.41" E साथै Down Stream 28.17' 21.44" N 82.11' 35.66" E को स्थानमा लम्बाई ६५ मिटर, चौडाई ४० मिटर तथा गहिराई १ मिटर क्षेत्रमा रहेको नदिजन्य पदार्थ वातावरणीय अध्ययन प्रतिवेदन अन्तर्गत नरहेता पनि विपदको दृष्टिबाट उठाउन पर्ने र सो का लागि जिल्ला विपद व्यवस्थापन समितिबाट समेत स्थान निर्धारण र उत्खन्नको लागि पत्र प्राप्त भएको हुँदा ठेक्का आहान गरी उत्खनन गर्ने । |
| ४ | EX4 | उक्त घाटबाट IEE प्रतिवेदन वमोजिम जग्गा धनी सँग सहमति गरी उत्खनन गर्ने । |
| ५ | EX5 | उक्त घाट व्यक्तिको निजि जग्गामा शारदा खोलाले कटान गरी निर्माण भएको र व्यक्तिको जग्गा क्षति पुग्न गएको भनि हाल सो स्थानबाट व्यक्तिले खेत निर्माण गर्ने भनी बालुवा उत्खन्न नगरी दिन भनी पत्राचार गरेको साथै खोला पारी रहेको उक्त |

| | | |
|---|---|---|
| | | स्थान छत्रेश्वरी गाउँपालिका समेत पर्ने भएको हुँदा उक्त स्थानबाट नदिजन्य पदार्थ उत्खनन गर्दा बातावरणीय अध्ययन प्रतिवेदन वमोजिम जग्गा धनी सँग सहमति गरेर मात्र उत्खन्न गर्ने भनी उल्लेख भएको साथै जग्गा धनीले उक्त स्थानमा उत्खनन नगर्न भनी पत्राचार गरेको हुँदा उक्त घाटबाट उत्खनन नगर्ने । |

२.गत आर्थिक वर्ष भुक्तानी दिन बाँकी भू उपयोग योजनाको लागि रु.१० लाख रुपैया अल्या बजेटबाट विनियोजन गरी भुक्तानी दिने र सभाबाट अनुमोदन गराउने ।

३.आर्थिक वर्ष २०८१/०८२ को महालेखा परिक्षकको प्रारम्भिक प्रतिवेदन माथी विस्तृत रुपमा छलफल गरियो र सो प्रतिवेदमा उल्लेख गरिएको सेनेटरी प्याड ढुवानी शिर्षक अन्तर्गत रु.१० हजार प्रविधि हस्तान्तरण शिर्षक अन्तर्गत रु ५५ हजार ५ सय ६२ तथा मुख्यमन्त्री रोजगार कार्यक्रममा साझेदारी अन्तर्गत रु.८ लाख ७९हजार ४४ र बढी भुक्तानी शिर्षक अन्तर्गत रु ४७ हजार ३ सय ५३ रकम औल्याइएको बेरुजु रकम अल्याबाट विनियोजन गरी सम्वन्धित सरकारको संचित कोषमा दाखिला गर्ने साथै असुल उपर बेरुजु सम्वन्धितबाट असुल उपर गराउने तथा प्रमाण नपुगेकाको हकमा प्रमाण संकलन गरी पेश गर्ने निर्णय गरियो ।

CamScanner